**निर्णय नं. १ :** मेलम्ची नगरपालिका अन्तर्गतका विद्यालयहरूमा विद्यालय तहको शिक्षामा क्रियटिभ एडुटेनमेन्ट वर्ल्ड प्रा. लि. ले यस मेलम्ची नगरपालिका अन्तर्गतका विद्यालयहरूमा विद्यालय तहको शिक्षामा आधुनिक पद्धतिको प्रयोगको थालनी गरेको र उक्त कार्यको लागि टकिङ्ग पेन, टकिङ्ग बुक्स र सो को चार्जर खरिदका लागि आवश्यक पर्ने प्रति सेट रकम रू. १२,०००।- का दरले नगरपालिका अन्तर्गतका सबै विद्यालयहरूको कूल हुन आउने रकम रू. १०,००,०००।- (अक्षरूपी दश लाख रूपैयाँ मात्र) उल्लेखित कार्य सम्पन्न पश्चात सम्बन्धित विधालयहरूलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** यस मेलम्ची नगरपालिका र अन्तर्गतका सिन्धु विकास केन्द्र, चौतारा, सिन्धुपाल्चोकबाट आ.व. २०७४/७५ मा यस मेलम्ची नगरपालिका र अन्तर्गतका वडाहरूमा लघु उद्यम विकास कार्यक्रम संचालन गर्न अनुमति माग भएको हुँदा यस कार्यालयको प्रत्यक्ष समन्वयमा रही कार्यक्रम संचालन गर्ने गरी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** मिति २०७४ पौष मसान्तबाट समाप्त भएको मेलम्ची नगरपालिकाका सल्लाहकार श्री विनोद खनालको करार अवधि मिति २०७४ पौष मसान्तबाट समाप्त भएको हुँदा निजको करार अवधि २०७५ आषाढ मसान्तसम्म थप गर्ने र सेवा परामर्श शिर्षकबाट २०७४ माघ १ गते देखि लागु हुने गरी मासिक रू. २५,०००।- (अक्षरूपी पच्चिस हजार रूपैयाँ मात्र) पारिश्रमिक भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** मेलम्ची नगरपालिका वडा नं. १२ स्थित ढकालखहरे मन्दिरको तल्लो भागको बस्तीमा निर्माण सामाग्री ढुवानी गर्ने बाटो निर्माण नभएको कारण पुनर्निर्माण कार्यमा तिव्रता दिन नसकिएको र सम्बन्धित ढकालखहरे टोल सुधार समितिबाट उल्लेखित स्थानमा मोटर बाटो निर्माण गर्न बजेट माग भएको हुँदा उक्त मोटर बाटो निर्माणका लागि रू. २,००,०००।- (अक्षरूपी दुई लाख रूपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ :** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३ को दफा १६ को उपदफा ४ (ख) (५) मा भएको व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाबाट संचालन गरिएको योजना तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गरी प्रतिवेदन पेश गर्नको लागि देहाय बमोजिमको ७ (सात) सदस्यीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

(१) मेलम्ची नगरपालिका उप-प्रमुख श्री भगवती नेपाल - संयोजक
(२) सम्बन्धित वडाका वडा अध्यक्ष/सदस्य - सदस्य
(३) श्री जितराज थापा - सदस्य
(४) श्री दमैमारलामा तामाङ - सदस्य
(५) श्री ठंकराज गिरी - सदस्य
(६) श्री शिव कुमारी सिग्देल - सदस्य
(७) योजना शाखा प्रमुख - सदस्य सचिव

निर्णय नं. ६ : मेलम्ची नगरपालिकाबाट संचालन गरिएका योजनाहरूको संचालन, अनुमगन र सुपरिवेक्षण एवं बाह्य निकायहरुसंग
मेलम्ची नगरपालिकाबाट संचालन गरिएका योजनाहरूको संचालन भएको हुँदा यस कार्यालयको भवन शाखाबाट नक्शा पासका सबै प्रक्रिया यथावत
समन्वय तथा सम्पर्क समेत गर्नुपर्ने भएको हुँदा यस कार्यालयको भवन शाखाबाट नक्शा पास गर्ने निर्णय गरियो ।
रूपमा संचालन गर्दै हप्ताको ४ दिन (सोमबार- विहिवार) मात्र नक्शा पास गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : मेलम्ची नगरस्तरीय परीक्षा समितिबाट आयोजना गरिएको नगरस्तरीय अन्तर आधारभूत तह (कक्ष ६ - ८) को हाजिरी जवाफ प्रतियोगिता संचालन गर्नको लागि रू. १,४१,३५०।- (अक्षरपी एक लाख एकचालिस हजार तिन सय पचास रूपायाँ मात्र) ईन्द्रेश्वरी माध्यामिक विद्यालय मार्फत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ : मेलम्ची युवा क्लबको आयोजनामा मिति २०७४ पौष ४ देखि पौष ८ गतेसम्म संचालन भएको खुल्ला राष्ट्रब्यापी प्रथम मेलम्ची भ्यालीकप फुटबल प्रतियोगिताको लागि रू. ४०,०००।- (अक्षरूपी चालिस हजार रूपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९: मेलम्ची नगरपालिका वडा नं. ६, तालामाराङ स्थित मेलम्ची खानेपानी विकास समितिबाट निर्माण गरिएको स्वास्थ्य चौकीको भवन मिति २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट क्षति भई हाल जिर्ण अवस्थामा रहकोले उक्त जिर्ण अवस्थामा रहेको भवन भत्काउने सम्बन्ध्मा प्राविधिक प्रतिवेदन सहित राय पेश गर्नको लागि मेलम्ची खानेपानी विकास समितिलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : मेलम्ची नगरपालिका कार्यालयको दैनिक कामको चाप बढ्दै गएको सन्दर्भमा नगरपालिकाका प्रमुख तथा उप-प्रमुखको अनुपस्थितिको कारण सेवा ग्राहीलाई पर्न सक्ने असुविधालाई मध्यनजर गर्दै अति महत्वपूर्ण कार्यक्रम बाहेक अन्य सभा तथा कार्यक्रमको उद्घाटनमा यस नगरपालिकाका प्रमुख/उप-प्रमुख सहभागी नहुने निर्णय गरियो ।

निर्णय नं. ११ : यस मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजार नजिकै रहेको कुमालटार भन्ने स्थानबाट अनधिकृत रूपमा ढुंगा, गिटी, बालुवाको उत्खनन् भइरहेकोले उक्त स्थानबाट नदीजन्य पदार्थ उत्खनन् अनुमतिको लागि मेलम्ची नगरपालिका वडा नं. ११ निवासी श्री रेणुका श्रेष्ठबाट यस कार्यालयमा निवेदन पेश भएको हुँदा उल्लेखित कार्यका लागि प्राविधिकबाट अध्ययन अध्ययन गराई प्रतिवेदन लिने निर्णय गरियो ।

निर्णय नं. १२ : यस मेलम्ची नगरपालिका वडा नं. ६ स्थित तालामाराङ प्रहरी चौकीमा फर्निचर तथा कार्यालय ब्यवस्थापनको लागि रू. १,००,०००।- (अक्षरूपी एक लाख रूपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३ : यस मेलम्ची नगरकार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको ६ गते र २१ गते विहान ११:०० बजे मेलम्ची नगरपालिका कार्यालयमा बस्ने र सो दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट बस्ने निर्णय गरियो ।